# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

मिति २०८२ साल पुष ३० गते बुधबारका दिन होटल स्मार्ट दरबार प्रा.लि., धुम्बाराही, काठमाण्डौमा सम्पन्न

## तेह्रौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

### १. पृष्ठभूमी

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको तेह्रौं वार्षिक साधारण सभा मिति २०८२ साल पुष ३० गते बुधबार (तदनुसार १४ जनवरी, २०२६) मा होटल स्मार्ट दरबार प्रा.लि., धुम्बाराही, काठमाडौमा सम्पन्न भयो । कम्पनी सचिव श्री नरनाथ न्यौपानेले सभाहलमा कम्पनीको संचालक समितिका अध्यक्ष, संचालकहरु, प्रमुख कार्यकारी अधिकृत, कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडका प्रतिनिधि, लेखापरीक्षक, शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. का प्रतिनिधि, संस्थापक शेयरधनीका प्रतिनिधिहरुलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै तेह्रौं वार्षिक साधारण सभामा सहभागिता जनाउनुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्नुभयो । कम्पनीको संचालक समितिका अध्यक्ष श्री राजन ढकालले सभाको अध्यक्षता गर्नुभए पश्चात सभाध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवबाट सभा संचालन भयो ।

साधारण सभामा अध्यक्षज्यूले आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । तत्पश्चात् साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु प्रस्तुत भई सो उपर छलफल तथा निर्णय भयो । सभा विहान १०:०० बजे शुरु भई निर्धारित विषय-सूचीहरुमा छलफल तथा निर्णय गरी विहान ११:३० बजे सम्पन्न भयो ।

### २. सभाको सूचना तथा प्रकाशन

कम्पनीको तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना प्रथम पटक मिति २०८२/०९/०९ मा आर्थिक दैनिक पत्रिकामा र दोस्रो पटक मिति २०८२/०९/२१ मा अन्नपूर्ण पोष्ट दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । साथै सभाको सूचना, आ.व. २०८१/०८२ को वासलात, नगद प्रवाह विवरण लगायतका अनुसूचीहरु सम्मिलित वार्षिक प्रतिवेदन संस्थापक शेयरधनीहरु तथा सम्पर्कमा रहेका साधारण शेयरधनीहरुको ठेगानामा समेत पठाईएको थियो भने उपरोक्त प्रतिवेदन कम्पनीको Website: WWW.rghpcl.com.np मा पनि upload गरिएको व्यहोराको जानकारी सभामा गराइएको थियो ।

### ३. उपस्थिति

**(क) कम्पनीको संचालक समिति तथा व्यवस्थापनका पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री राजन ढकाल | अध्यक्ष |
| २. | श्री राम प्रसाद रिमाल | संचालक |
| ३. | श्री भिम प्रसाद तिमल्सिना | संचालक |
| ४. | श्री बाबुराजा महर्जन | संचालक |
| ५. | श्री राजा भाइ शिल्पकार | संचालक |
| ६. | श्री बच्चु राम रिमाल | संचालक |
| ७. | श्री सुनौं औदी तमाङ | संचालक |

| | | |
|---|---|---|
| ८. | श्री अग्रिम रत्न शाक्य | संचालक |
| ९. | श्री लक्ष्मी न्यौपाने गौतम | संचालक |
| १०. | श्री विरेन्द्र पौडेल | स्थायी आमन्त्रित, कर्मचारी संचयकोष |
| ११. | श्री सत्य राम ज्याख्व | प्रमुख कार्यकारी अधिकृत |
| १२. | श्री नरनाथ न्यौपाने | कम्पनी सचिव |
| १३. | श्री प्रदिप मानन्धर | विज्ञ, करार प्रशासन |
| १४. | श्री पुष्कर अमात्य | प्रमुख, सिभिल निर्माण महाशाखा |
| १५. | श्री सरोज अधिकारी | प्रमुख, प्रशासन महाशाखा |
| १६. | श्री धनदत्त बजगाईं | प्रमुख, वित्त महाशाखा |
| १७. | श्री सुरेन्द्र विष्ट | लेखा अधिकृत |
| १८. | श्री बेद प्रकाश नेपाल | इन्जिनियर |
| १९. | श्री सौगात अधिकारी | आइटि तथा जिन्सी व्यवस्थापन अधिकृत |
| २०. | श्री साङ्गे वाङचुक लामा | इन्जिनियर |
| २१. | श्री समिर लामिछाने | इन्जिनियर |
| २२. | श्री अनिता आचार्य | लेखा अधिकृत |

**(ख) आमन्त्रित :**

| | | |
|---|---|---|
| १. | श्री नर बहादुर ठगुन्ना | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्री धन प्रसाद पौडेल | प्रतिनिधि, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड |
| ३. | श्री सन्दीप कार्की | प्रमुख कार्यकारी अधिकृत, शेयर रजिष्ट्रार, सिद्धार्थ क्यापिटल लिमिटेड |

**(ग) संस्थापक शेयरधनीका प्रतिनिधिहरु :**

| | | |
|---|---|---|
| १. | श्री विमल खड्का | प्रतिनिधि, चिलिमे जलविद्युत कम्पनी लिमिटेड |
| २. | श्री अवधेश कुमार दुवे | प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण |
| ३. | श्री सुरेश अधिकारी | जिल्ला समन्वय समिति, रसुवा |

**(घ) सर्वसाधारण समूह तर्फका शेयरधनीहरु :**

आ.व. २०८१/०८२ सम्ममा कम्पनीले सर्वसाधारण शेयरधनी समूह अन्तर्गतका शेयरधनीहरुलाई छुट्याईएको जारी पूँजीको ४९% शेयरको सतप्रतिशत नै निष्काशन तथा बाँडफाँड भैसकेको छ । उक्त शेयर बाँडफाँड पश्चात साधारण सभा प्रयोजनार्थ शेयरधनी दर्ता पुस्तिका बन्द मिति (Book Closed Date) २०८१/०९/१७ मा कायम शेयरधनीहरु मध्येबाट तेह्रौं वार्षिक साधारण सभामा ७७ जना शेयरधनीहरु स्वयं तथा आफ्ना प्रतिनिधिहरु मार्फत सभामा उपस्थिति हुनुभएको थियो ।

## ४. सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु

तेह्रौं वार्षिक साधारण सभाको विषयसूचीमा रहेका निम्न विषयहरु छलफल तथा निर्णयका लागि सभामा प्रस्तुत गरिएको थियो:

**(क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट प्रस्तुत हुने आ.ब. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्तको वासलात तथा आ.व. २०८१/०८२ को आर्थिक विवरणहरु (नाफा/(नोक्सान) हिसाव, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनीको आ.व. २०८२/०८३ का लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

## ५. गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

कम्पनीको चुक्ता पूँजी रु. ६,८४,२१,००,००० अर्थात रु. १०० अंकित दरका ६,८४,२१,००० कित्ता शेयर मध्ये संस्थापक शेयरधनी समूहका लागि ५१% अर्थात ३,४८,९४,७१० कित्ता र सर्वसाधारण शेयरधनी समूहका लागि ४९% अर्थात ३,३५,२६,२९० कित्ता शेयर बाँडफाँड गरिएको छ । उक्त बाँडफाँड अनुसार संस्थापक शेयरधनी समूहबाट ३,४८,३६,७९० कित्ता (५०.९२%) शेयर धारण गर्ने प्रतिनिधिहरु र सर्वसाधारण शेयरधनी समूहबाट स्वयं तथा प्रतिनिधि (Proxy) मार्फत ६२,७७६ कित्ता (०.०९२%) शेयर धारण गर्ने शेयरधनीहरु सभा स्थलमा उपस्थित भई हाजिरी जनाउनु भएको हुँदा दुबै समूहका गरी जम्मा ३,४८,९९,५६६ कित्ता (५१%) शेयर धारण गर्ने शेयरधनीहरुबाट कम्पनीको यस तेह्रौं वार्षिक साधारण सभामा प्रतिनिधित्व भएको हुँदा उक्त शेयर संख्या आवश्यक गणपूरक संख्या भन्दा माथि रहेको थियो ।

## ६. सभाको वैधानिकता

कम्पनीको चुक्ता पूँजीको ५०.९२% शेयर धारण गर्ने मुख्य संस्थापक शेयरधनीहरु आफ्ना प्रतिनिधि मार्फत र ०.०९२% शेयर धारण गर्ने सर्वसाधारण समूहका शेयरधनी तथा निजका प्रतिनिधिहरुको समेत सभामा उपस्थिति रहेकाले जम्मा ५१% शेयरधनीको प्रतिनिधित्व सभामा भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३ र कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा संचालन गर्नको लागि गणपूरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा सभास्थलमा उपस्थित शेयरधनीहरुको सभाले गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा बैठक संचालन गर्न अनुमति प्राप्त भएको थियो । सो पश्चात कम्पनीको संचालक समितिका अध्यक्ष श्री राजन ढकालज्यूबाट तेह्रौं वार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गर्नुभयो ।

## ७. सभा संचालन, प्रतिवेदन प्रस्तुत तथा प्रस्ताव उपर छलफल

प्रकाशित सूचनामा उल्लेखित विषय-सूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न सभाका अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि कम्पनी सचिवले सभाध्यक्षज्यूलाई कम्पनीको आ.व. २०८१/०८२ को तेह्रौं वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नहुन अनुरोध गर्नुभयो । अध्यक्षज्यूले संचालक समितिको तर्फबाट आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरुलाई उक्त प्रतिवेदन तथा उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को आर्थिक विवरण र संलग्न अनुसूचीहरु उपर आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न अनुरोध गरिएको थियो ।

## ८. शेयरधनीहरुको जिज्ञासा तथा राय सुझावहरु

अध्यक्षज्यूबाट प्रस्तुत भएको वार्षिक प्रतिवेदन र साधारण सभा सम्बन्धी विविध विषयहरुमा शेयरधनीहरुबाट सल्लाह, सुभाव तथा जिज्ञासाहरु सहितको मन्तब्य प्रस्तुत भएको थियो । सभामा संस्थापक शेयरधनी संस्था श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेडका प्रतिनिधि श्री विमल खड्का र श्री नेपाल विद्युत प्राधिकरणका प्रतिनिधि श्री अवधेश कुमार दुबेले आ-आफ्नो धारण राख्नुभएको थियो ।

शेयरधनीका प्रतिनिधिहरुले विशेषगरी कम्पनीद्वारा प्रवर्द्धित रसुवागढी जलविद्युत आयोजनाको निर्माण सम्पन्न भई व्यापारिक विद्युत उत्पादन शुरु भएकोमा खुसी भइरहेको अवस्थामा मिति २०८२ आषाढ २४ मा आएको बाढीका कारण आयोजना/जलविद्युत केन्द्रले ठूलो क्षति व्यहोर्नु परेकामा दुखः व्यक्त गर्नुभएको थियो । साथै, उक्त बाढीका कारण आयोजना/जलविद्युत केन्द्रको सिभिल संरचना तथा मेसीन उपकरणहरुमा पुगेको क्षतिको आर्थिक विवरण र सोको बीमा दाबीको अवस्थाका बारेमा शेयरधनीका प्रतिनिधिहरुले जिज्ञासा राख्नुभएको थियो ।

त्यसैगरी शेयरधनीका प्रतिनिधिहरुले कम्पनीले आर्थिक सुशासन कायम गरी समयमा नै साधारण सभा सम्पन्न गरेकोमा धन्यवाद दिंदै साधारण सभाको सफलताका लागि शुभकामना दिनुभएको थियो ।

## ९. संचालक समितिको तर्फबाट शेयरधनीहरुको जिज्ञासाका सम्बन्धमा व्यक्त धारण

शेयरधनीका प्रतिनिधिहरुबाट उठान भएको जिज्ञासाका सम्बन्धमा संचालन समितिको तर्फबाट कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री सत्य राम ज्याख्वले धारण राख्नुभएको थियो । उहाँले शेयरधनी महानुभावहरुले उठाउनु भएको विषयवस्तुहरु निकै महत्वपूर्ण रहेको भन्दै अर्थपूर्ण छलफल र सुझावका लागि धन्यबाद दिनुभयो ।

कम्पनीद्वारा निर्माण सम्पन्न रसुवागढी जलविद्युत आयोजनाको निर्माण सम्पन्न भई व्यापारिक विद्युत उत्पादन भईरहेको अवस्थामा मिति २०८२ आषाढ २४ मा आयोजनाको श्रोतनदी भोटेकोशीमा आएको ठूलो हिमबाढीका कारण आयोजना/जलविद्युत केन्द्रको सिभिल संरचना तथा मेसीन उपकरणहरुमा पुगेको क्षतिको प्रारम्भिक अनुमान गरी करिव रु. १ अर्व ७५ करोड बराबरको बीमा दावी बीमक कम्पनी श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. लाई पेश गरिएकोमा हालसम्म पेश्की वापत रु. ८ करोड मात्र प्राप्त भएको र उक्त बीमा दाबी फछ्र्यौटको चरणमा रहेका व्यहोरा प्रमुख कार्यकारी अधिकृतले सभामा जानकारी गराउनु भयो ।

अन्त्यमा उहाँले शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको धारण र विश्वासबाट आफू र कम्पनीलाई निकै गर्व महसुस हुनुका साथै यसबाट अझ थप हौसला प्राप्त भएको र शेयरधनीहरुको आशा र भरोशालाई निराशामा परिणत हुन नदिने प्रतिवद्धता व्यक्त गर्दै सम्पूर्ण शेयरधनीलाई पुनः धन्यवाद दिनुभयो ।

## १०. निर्णयहरु

शेयरधनीहरुबाट उठाइएका जिज्ञासाका सम्बन्धमा संचालक समितिको तर्फबाट कम्पनीका प्रमुख कार्यकारी अधिकृतले स्पष्ट पार्नुभए पश्चात कम्पनी सचिवबाट तेह्रौं साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिमका प्रस्तावहरु स्वीकृतिका लागि पेश भए पश्चात सभाबाट निम्नानुसारको निर्णयहरु भयो ।

(क) **सामान्य प्रस्ताव तर्फ**

१. साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन माथिको छलफल र त्यसमा राय प्रतिकृया व्यक्त गर्ने कार्य सम्पन्न भई संचालक समितिबाट शेयरधनीहरुको जिज्ञासालाई स्पष्ट पार्ने कार्य समेत सकिएकोले उक्त बार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित लेखापरीक्षण भएको कम्पनीको आ.व. २०८१/०८२ को आर्थिक विवरणहरु (२०८२ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८१/०८२ को नगद प्रवाह विवरण र अनुसूचीहरु) स्वीकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

३. कम्पनीको आ.ब. २०८२/०८३ को लेखापरीक्षण गर्न श्री महालेखापरीक्षकको कार्यालयलाई लेखापरीक्षक सिफारिस गरिदिनुहुन अनुरोध गरिएकोमा हालसम्म सो विषयमा परामर्श प्राप्त नभएकाले श्री महालेखापरीक्षकको कार्यालयबाट सिफारिस भई आउनुहुने लेखापरीक्षकलाई गत आ.व.मा उपलब्ध गराईएको लेखापरीक्षण शूल्क मू.अ.क. बाहेक रु. ३ लाख भन्दा बढि नहुनेगरी पारिश्रमिक उपलब्ध गराई लेखापरीक्षकमा नियुक्त गर्न यस कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गरिदिन सभा समक्ष अनुरोध गरिएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

४. सामान्य प्रस्तावको विविध अन्तर्गत कुनै पनि प्रस्ताव दर्ता नभएको व्यहोरा कम्पनी सचिवबाट सभामा जानकारी गराईयो ।

कम्पनी ऐन २०६३ को दफा ७४(२) मा भएको प्रावधान बमोजिम सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट पेश भएका प्रस्तावहरु सर्वसम्मत रुपमा पारित भएको घोषणा गरियो ।

**११. साधारण सभा समापन भएको घोषणा**

कम्पनीका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुले महत्वपूर्ण सल्लाह र सुझाव दिई कम्पनीलाई मार्गनिर्देशन गरिदिनु भएकोमा विशेष धन्यवाद दिंदै शेयरधनीहरुको राय सल्लाह तथा सुझाव अनुसार कम्पनीले आगामी दिनमा आफ्नो कार्य गर्दै जाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सहज रुपमा सभा संचालन गर्न सहयोग गरिदिनु भएकोमा पुनः सबैलाई धन्यवाद दिंदै सभा समापन भएको घोषणा गर्नुभयो ।

..........................
(नरनाथ न्यौपाने)
**कम्पनी-सचिव**

..........................
(राजन ढकाल)
**अध्यक्ष**